# स्थानीय राजपत्र


गौरीशंकर गाउँपालिकाद्वारा प्रकाशित

| खण्ड २ | संख्या १ | मिति: २०७६/०१/०३ |
|---|---|---|


**भाग १**

**गौरीशंकर गाउँपालिका**

नेपालको संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँसभाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको ऐन संख्या १

# प्रशासकीयकार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले,

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा १०२ को उपदफा (१) बमोजिम गौरीशंकर गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यो ऐनको नाम **प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५** रहेको छ ।

गौरीशंकर गाउँपालिका, दोलखा

(२) यो ऐन गौरीशंकर गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएपछि यस गाउँपालिकाको क्षेत्रभित्र लागू हुनेछ ।

**२. परिभाषा :**

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"ऐन"** भन्नाले गौरीशंकर गाउँपालिकाको **प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५** सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले गौरीशंकर गाउँकार्यपालिका सम्झनु पर्छ ।

(ग) **"गाउँपालिका"** भन्नाले गौरीशंकर गाउँपालिका सम्झनु पर्छ ।

(घ) **"सभा"** भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(ङ) **"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. नियम बनाउने अधिकार** :

(१) नेपालको संविधान तथा **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त गौरीशंकर गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:** संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही गौरीशंकर गाउँ कार्यपालिकाले आवश्यकतानुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

**५. खारेजी र बचाऊ :** यो ऐन बन्नु अगाडि कार्यपालिकाबाट भएका प्रशासकीय प्रकृतिका निर्णय र आदेश यसै ऐन बमोजिम भएको मानिनेछ ।

**प्रमाणीकरण मिति: २०७६।०१।०२**

**आज्ञाले,**
**प्रदिप कुमार खड्का**
**प्रमुख प्रशासकीय अधिकृत**